व्यास नगर कार्यपालिकाको २२७ औं बैठक आज मिति २०८२/०८/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.८ | - श्री रामप्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/८/७ गते को २२६ औं कार्यपालिका बैठकका निर्णय एवं सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२: आर्थिक वर्ष २०८२/०८३ का भुक्तानी गर्नुपर्ने योजनाहरुको श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३: आ.व.२०८२/०८३ का नियमानुसार टेण्डर गर्नुपर्ने योजनाहरुको टेण्डर प्रकृया अघि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.४: आ.व.२०८२/०८३ को हालसम्मको आय-व्ययको मूल्याङ्कन गरी आगामी नगर सभामा बजेट तथा श्रोत संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५: आगामी नगर सभामा आ.व.२०८२/०८३ को बजेट एवं योजनाहरु संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६: आगामी नगर सभामा पेश गरिने विधेयक एवं ऐनहरु संशोधन प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.७: व्यास नगरपालिका गुनासो व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८: वि.पि.खेल मैदानमा भएको कभर्ड हल व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.९: राष्ट्रपति रिनडशिल्डमा विजयी विद्यार्थीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१०: नेपाल आदिवासी जनजाती महासंघ जिल्ला समन्वय परिषद्को साँस्कृतिक एवं पर्यटन प्रवर्द्धन सम्बन्धी महोत्सवको अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं.११: एन.पाप्सनद्वारा आयोजित खेल प्रतियोगिता सञ्चालन गर्ने अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.१२: नगरपालिकाको सेवा प्रवाहका लागि गाडी भाडामा लिने सम्बन्धमा ।

प्रस्ताव नं.१३: स्लेट ढुंगा खानी उद्योग सञ्चालन अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.१४: शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.१५: मादीनदी तर्फको ढुंगा, गिट्टी, बालुवाको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं.१६: मतदाता नामावली अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१७: सेती नदी तर्फको ढुंगा, गिट्टी, बालुवाको पुनः टेण्डर सम्बन्धमा ।

प्रस्ताव नं.१८: सरसफाई सेवा शुल्क सम्बन्धमा ।

प्रस्ताव नं.१९: स्वेच्छिक अवकाश लिने करार सेवाका कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं.२०: बुद्ध दाहाल प्रा.वि. मा शिक्षक भर्ना अनुमति सम्बन्धमा ।

प्रस्ताव नं.२१: आंशिक सरसफाई कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।

प्रस्ताव नं.२२: व्यारेकमा रहेका प्रहरी व्यवस्थाका सम्बन्धमा ।

प्रस्ताव नं.२३: खानेपानी योजनाको स्रोत सुनिश्चितता सम्बन्धमा ।

प्रस्ताव नं.२४: सिमल रूख काट्ने अनुमति माग सम्बन्धमा ।

प्रस्ताव नं.२५: जेनेरेटर हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं.२६: विपद्जन्य र अत्यावश्यक कार्यका विभिन्न माग सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/८/७ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरु एवं नगरपालिकाबाट भएका सेवा प्रवाहको समीक्षा गरियो ।

<u>निर्णय नं.२:</u> प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ मा निर्धारित निर्माण सम्पन्न एवं निर्माणाधीन योजनाहरुको भुक्तानीका लागि सम्बन्धित शिर्षकमा स्रोत अभाव भएमा अन्य आय प्राप्त निम्न शिर्षकबाट पछि सोधभर्ना हुने गरी निम्नानुसार योजनाको भुक्तानी गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

रकमान्तर

आ.व. : २०८२/८३ रकमान्तर : का.पा शंशोधन | रु. हजारमा

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | नयाँ पुलबाट कृष्णपुर जाने बाटो स्तरीकरण (८६७) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २४०.०० | |
| २ | ८०४३८४०३१०१ | भादगाउँ टोल सरस्वती\नरसिं मार्ग एवं वायु मार्ग स्तरीकरण (८४७) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २९७.०० | |
| ३ | ८०४३८४०३१०१ | व्यास गुफा अधुरो सभा भवन निर्माण (८६५) | 31161 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १३२.०० | |
| ४ | ८०४३८४०३१०१ | भङभङे कोलडाँडा मार्ग स्तरीकरण (९२४) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३३०.०० | |
| ५ | ८०४३८४०३१०१ | छाब्दी शहरी स्वास्थ्य भवनमा पूर्वाधार निर्माण (९२७) | 31161 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १६५.०० | |
| ६ | ८०४३८४०३१०१ | लागत सहभागिताका योजनाहरु (८३३) | 31171 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ६,०२७.२९ | |
| ७ | ८०४३८४०३१०१ | व्यास मार्गदेखि पाध्रा कालिका मन्दिर मार्ग स्तरीकरण (८८२) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २६४.०० | |
| ८ | ८०४३८४०३१०१ | बेलघारी वडा कार्यालय सडक स्तरोन्नति (क्रमागत) (९९०) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २,६८६.६९ | |
| ९ | ८०४३८४०३१०१ | केशवटार स्वास्थ्य चौकी भवन निर्माण (९२९) | 31161 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ४६८.०० | |
| १० | ८०४३८४०३१०१ | केशवटार रुम्सी मार्ग स्तरीकरण (९३३) | 31151 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १६५.०० | |
| ११ | ८०४३८४०३२०२ | डांग्रेखोल्सी कम्पाण्डवाल लगायत अन्य व्यवस्थापन तथा व्यायामशाला निर्माण (४३५) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १,२७९.५९ | |
| | | | | | | | | १२,०५४.५८ | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | नयाँ पुलबाट कृष्णपुर जाने बाटो स्तरीकरण (८६७) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २४०.०० | |
| २ | ८०४३८४०३१०१ | भादगाउँ टोल सरस्वती\नरसिं मार्ग एवं वायु मार्ग स्तरीकरण (८४७) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २९७.०० | |
| ३ | ८०४३८४०३१०१ | व्यास गुफा अधुरो सभा भवन निर्माण (८६५) | 31161 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १३२.०० | |
| ४ | ८०४३८४०३१०१ | भङभङे कोलडाँडा मार्ग स्तरीकरण (९२४) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३३०.०० | |
| ५ | ८०४३८४०३१०१ | छाब्दी शहरी स्वास्थ्य भवनमा पूर्वाधार निर्माण (९२७) | 31161 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १६५.०० | |
| ६ | ८०४३८४०३१०१ | लागत सहभागिताका योजनाहरु (८३३) | 31171 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ६,०२७.२९ | |
| ७ | ८०४३८४०३१०१ | व्यास मार्गदेखि पाध्रा कालिका मन्दिर मार्ग स्तरीकरण (८८२) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २६४.०० | |
| ८ | ८०४३८४०३१०१ | बेलघारी वडा कार्यालय सडक स्तरोन्नति (क्रमागत) (९९०) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,६८६.६९ | |
| ९ | ८०४३८४०३१०१ | केशवटार स्वास्थ्य चौकी भवन निर्माण (९२९) | 31161 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४६८.०० | |
| १० | ८०४३८४०३१०१ | केशवटार रुम्सी मार्ग स्तरीकरण (९३३) | 31151 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १६५.०० | |
| ११ | ८०४३८४०३२०२ | डांग्रेखोल्सी कम्पाण्डवाल लगायत अन्य व्यवस्थापन तथा व्यायामशाला निर्माण (४३५) | 31159 | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,२७९.५९ | |
| | | | | | | | | १२,०५४.५८ | |

अक्षरेपी : रुपैयाँ बाह हजार चौवन्न पैसा उनन्साठी मात्र।

<u>निर्णय नं.३</u>: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का लागि निर्णय भएका आय स्रोतका योजनाहरु र कार्यपालिकाको निर्णय भएपछि स्थानीय राजश्व बाँडफाँडका योजनाहरुको नियमानुसार टेण्डर गर्नुपर्ने योजनाहरुको मिति २०८२/०९/०४ गतेभित्र टेण्डर प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं.४</u>: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ मा गरिएका अनुमानित आयहरुको मूल्याङ्कन गरी आवश्यकता अनुसार आय अनुमानलाई यथार्थ परक संशोधन गरी आगामी बैठकमा पेश गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्नका लागि सम्बन्धित समितिलाई जिम्मा दिने निर्णय गरियो ।

<u>निर्णय नं.५</u>: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको निर्णयलाई मध्यनजर गरी आर्थिक वर्ष २०८२/०८३ का लागि निर्धारित योजनाहरु संशोधन गरी आगामी नगर सभामा पेश गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णयनं.६</u>: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आगामी नगर सभामा व्यास नगर आर्थिक कार्यविधि ऐन लगायतका विधेयक र पारित ऐनहरुको संशोधन प्रस्ताव पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णयनं.७</u>: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विपद्जन्य विषयहरु लगायत विभिन्न विषयहरुमा आउने गुनासाहरुको सुनुवाई एवं व्यवस्थापन गर्न नगर प्रमुखको संयोजकत्वमा ५ सदस्यीय स्थानीय गुनासो व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

<u>व्यवस्थापन समिति</u> :

| | | |
|---|---|---|
| (१) संयोजक | - श्री वैकुण्ठ न्यौपाने | - नगर प्रमुख |
| (२) सदस्य | - श्री इन्दिरा दरै | - उपप्रमुख |

(३) सदस्य - श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत
(४) सदस्य - श्री जिल्ला प्रहरी कार्यालय, तनहुँ - प्रतिनिधि
(५) सदस्य - सचिव - श्री सुवास गौतम - इन्जिनियर

निर्णय नं. ८: प्रस्ताव नं. ८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट वि.पि. वनवाटिका खेलमैदानमा निर्माण भएको कभर्ड हल जिल्ला समन्वय समितिसँग र गण्डकी प्रदेश खेलकुद समिति अन्तर्गतको जिल्ला खेलकुद विकास समिति तनहुँसँग समन्वय गरी सञ्चालन गर्ने गरी व्यास नगर खेलकुद समितिबाट व्यवस्थापन मिलाउने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ का सम्बन्धमा छलफल हुँदा मिति २०८२ मंसिर १८ र १९ गते भिमादमा सञ्चालित जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस नगरपालिकाको तर्फबाट सहभागी भई पदक प्राप्त गर्न सफल खेलाडी विद्यार्थीहरुलाई हार्दिक बधाई तथा धन्यवाद सहित स्वर्ण पदक प्राप्त गर्न सफल विद्यार्थीलाई कर बाहेक नगद रू.३,०००।, रजक पदक प्राप्त गर्नेलाई कर बाहेक नगद रू.२,०००। र कास्य पदक प्राप्त गर्नेलाई कर बाहेक नगद रू.१,०००। प्रोत्साहन स्वरुप नगद पुरस्कार खर्च शिर्षक सि.नं.११७ बाट दिने निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नेपाल आदिवासी जनजाती महासंघ समन्वय परिषद् तनहुँले मिति २०८२/०९/२४ गतेदेखि २०८२/१०/०५ गतेसम्म गर्न लागेको आदिवासी साँस्कृतिक एवं पर्यटन प्रवर्द्धन सम्बन्धी महोत्सव निर्माणाधीन खेलमैदान नविग्रने, बिग्रेमा मर्मत सुधारको जिम्मा रहने र महोत्सवबाट प्राप्त रकम मध्ये केही रकम युवाहरुको खेलकुद विकासमा छुट्याउने गरी उक्त खेलमैदानमा अन्तिम पटक महोत्सव गर्न दिई अब आइन्दा वैकल्पिक स्थानमा मात्र महोत्सव गर्ने गरी अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा एन.प्याप्सन तनहुँले मिति २०८२/०८/२५, २६ र २७ गते निजी विद्यालयका विद्यार्थीहरुको विभिन्न खेल प्रतियोगिता गर्न लागेकाले वि.पि. वनवाटिका निर्माणाधीन खेलमैदान नबिग्रने, बिग्रिएमा मर्मतको समेत जिम्मा रहने गरी अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४ वडा गाडीहरु भाद्र २३, २४ को आन्दोलनमा आगजनी भई नष्ट भएकाले नयाँ गाडी खरिदको प्रकृया अघि बढाइएको हुँदा गाडी खरिद प्रकृया नटुङिदासम्म नगरपालिकाको सेवा प्रवाहलाई ध्यानमा राखी तत्काल नियमानुसार एक गाडी भाडामा लिने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० र ११ मा सञ्चालनमा रहेका स्लेट ढुंगा खानी उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको म्याद २०८० देखि २०८२/०८/२१ गतेसम्म मात्र भएको र २०८२/०८/२२ देखि उत्खनन् कार्य गर्न गराउन वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धित उद्योगीहरुबाट प्राप्त हुन नआएकाले २०८२/०८/२१ गतेसम्म उत्खनन् भएको सामग्री मात्र उठाउन पाउने गरी वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त नहुँदासम्म उत्खनन् कार्य रोक्न सूचित गर्ने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा शिव माध्यमिक विद्यालय व्यास १० मा रिक्त रहेको निम्न माध्यमिक तह राहत गणित विषयको दरबन्दी स्थानान्तरण गरी छाब्दी बाराही आधारभूत विद्यालय व्यास १२ मा कायम गर्ने र छाब्दी बाराही आधारभूत विद्यालय व्यास १२ मा निम्न माध्यमिक तह गणित विषयमा कार्यरत स्थायी शिक्षक श्री मुक्तिराम पौडेललाई शिव मा.वि. व्यास १० मा स्थानान्तरण गरी कामकाजमा खटाउने गरी दरबन्दी मिलान गर्ने निर्णय गरियो । साथै छाब्दी बाराही आधारभूत विद्यालयमा विद्यालयको आवश्यकता अनुसार विज्ञान, गणित र अंग्रेजी विषय मध्ये एक विषयमा भर्ना गर्ने अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयले मिति २०८२/०७/१८ गते मादी नदीको ढुंगा, गिट्टी, बालुवा (चापाघाट मादीको पक्की पुलदेखि शिशाघाट मादी नदीको पक्की पुलसम्म) उठाउने ठेक्का सम्बन्धी

विद्युतीय बोलपत्रको सूचना प्रकाशन गरिएकोमा मिति २०८२/०७/२६ गतेको बोलपत्र मूल्याङ्कन समितिको बैठकबाट श्री खनाल इन्भेष्टमेन्ट कन्स्ट्रक्सन व्यास १० ले कवोल गरेको बोलपत्रको अंक स्वीकृत गरी ठेक्का सम्झौताका लागि सिफारिस भएको र ठेक्का सम्झौताका लागि २०८२/०८/१८ गतेसम्म (१५ दिनको) म्याद दिई पत्राचार गरिएकोमा उक्त कन्स्ट्रक्सनले ठेक्का सम्झौताका लागि पुनः१५ दिनको म्याद थप गरिपाउँ भनि मिति २०८२/०८/१७ गते कार्यालयमा निवेदन पेश गरेको हुँदा म्याद सकिएको अवधिदेखि सम्झौताका लागि १५ दिन म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय तनहुँबाट जारी सूचनामा व्यास नगरपालिका मतदाताहरुको नाम मिति २०८२/०८/२० गते प्रकाशन भई २०८२/०८/२७ सम्म अद्यावधिक गर्ने समय तोकिएको हुँदा सबै वडाहरुबाट अध्यावधिक गराई विवरण उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/०८३ का लागि सेतीनदी घाट अन्तर्गत (मादी/सेती नदीको ढुङ्गा, गिट्टी, बालुवा व्यास-१३, निउरोघारीदेखि खहरे ढाँडखोलासम्म) नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्नका लागि IEE प्रतिवेदन र प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८२/०५/२२, २६ र १८ गते विद्युतीय बोलपत्र आव्हान गरिएकोमा कुनैपनि बोलपत्र नपरेको हुँदा पुनः चौथो पटकका लागि तपसिल बमोजिम सूचना आव्हान गर्नका लागि राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | मादी/सेती नदी ढुंगा, बालुवा, गिट्टी, व्यास १३ (निउरोघारीदेखि खहरे ढाँडखोलासम्म) | १०,३५,३१२.७२ | ६५,२२,४७०.१३ | प्रति घनफिट रू.१७/- का दरले १० प्रतिशत कम गरिएको |

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४३ औं नगर सभा बैठकले सरसफाई शुल्क मासिक रुपमा निर्धारण गर्दा दैनिक, हप्तामा १ दिन, हप्तामा २ दिनको मात्र निर्धारण गरेकोमा हाल विभिन्न टोलहरुबाट १५ दिनको १ पटक र महिनाको १ पटकका लागि फोहर उठाई दिनका लागि अनुरोध भई आएकाले १५ दिनमा १ पटकका लागि मासिक रू.३५/- र महिनाको एक पटकका लागि मासिक रू.२५/- सरसफाई शुल्क निर्धारण गर्नका लागि राजश्व परामर्श समितिबाट सिफारिस भई आएको हुँदा सोही बमोजिम शुल्क निर्धारण गर्ने र आगामी नगर सभामा आर्थिक विधेयकमा संशोधन आवश्यक भएमा संशोधन प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा करार सेवामा कामकाज गर्दै आउनु भएका प्रशासन सहायक श्री कल्पनादेवी पौडेल पन्थले राजिनामा दिई स्वीकृत भइसकेको हुँदा निजलाई करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८० को दफा ५ बमोजिम पाउने प्रोत्साहन सुविधा समितिको सिफारिस बमोजिम रू.१,२६,१२४/३३ रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा बुद्धदाहाल बहिरा प्राथमिक विद्यालय व्यास १ मा प्राथमिक तह राहत शिक्षक पदमा कार्यरत मनोज थापाको विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार करार सम्झौता रद्द भएबमोजिम रिक्त रहेको शिक्षक पदमा सम्बन्धित विद्यालयका लागि आवश्यक योग्यता पुगेको शिक्षक पदपूर्ति गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ अनसन चौतारी समेतमा सरसफाई गर्ने काम गरिरहेका श्री भरतबहादुर खत्रीलाई विगत ७ वर्षदेखि मासिक रू.५,०००। उपलब्ध गराइदै आएकोमा २०८२ पौष महिनादेखि लागू हुने गरी मासिक रू.८,५००। पाउने गरी पारीश्रमिक तोक्ने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत रहेको नगर प्रहरी आवास व्यवस्थापनको उपयोगिता सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा राय दिनुहुन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा मानहुँ अधुरो लिफ्ट खानेपानी योजनाका लागि संघीय सरकारबाट चालु आ.व.२०८२/०८३ का लागि विशेष योजना अन्तर्गत रू.८५ लाख बजेट विनियोजन भएको र उक्त कार्यको Detail Estimate गर्दा रू.९०,५०,७५७/८७ आएकोले नपुग रकम यस नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी सुनिश्चितता गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० डिहीगाउँ स्थित खानेपानी ट्याङ्की निर्माण स्थलमा एक सिमलको रूख भएकाले उक्त रूख राखिरहँदा खानेपानी ट्याङ्की असुरक्षित हुने हुँदा उक्त रूख काट्न अनुमतिका लागि डिभिजन वन कार्यालय, तनहुँलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.२५: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा वडा नं.३ को कार्यालयमा रहेको जेनेरेटर हाल सामान्य मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेकोमा सेती बुल्दी दोभान बुल्दी घाटमा बाङपङखी चुल्होले शव दहन गर्ने क्रममा समय समय विद्युत आपूर्ति बन्द हुने भएकाले वडा नं.३ मा रहेको जेनेरेटर मर्मत सम्भार गरी चलाउने गरी सेती बुल्दी दोभान बुल्दी घाट समितिलाई हस्तान्तरण गरिदिन वडा नं.३ बाट सिफारिस भई आएको हुँदा उक्त जेनेरेटर हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.२६: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्य लगायत स्रोत सनिश्चितता आगामी नगर सभाबाट अनुमोदन हुने गरी निम्न लिखित अत्यावश्यक कार्य, विपद्जन्य कार्य र उपचार सहयोगमा निम्नानुसार रकम निम्नानुसार शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | धुपखोला टोल विकास सडक बत्ती | १ | ५०,०००/- | ८८१ |
| २. | छाब्दी प्रवेशद्वार सडक बत्ती व्यवस्थापन | १ | ८०,०००/- | ८८१ |
| ३. | नव आदर्श टोल सडक बत्ती व्यवस्थापन | १ | ४०,०००/- | ८८१ |
| ४. | रतौली टोल खानेपानी पाइप खरिद | १ | १५,०००/- | ८७६ |
| ५. | परिवर्तनशील टोल नौमती बाजा खरिद | १ | १,००,०००/- | ८७५ |
| ६. | वृषमान कार्की जटिल बिरामी उपचार सहयोग | २ | २५,०००/- | ६१ |
| ७. | वि.पी. वनवाटिका कवर्ड हल व्यवस्थापन | ३ | ७०,०००/- | ८७९ |
| ८. | पाटन टोल विकास सडक बत्ती व्यवस्थापन | ५ | १,००,०००/- | ८८१ |
| ९. | साँगे पतेनी नहर मर्मत | ५ | १,६२,०००/- | ८७८ |
| १०. | वडा कार्यालयमा स्वास्थ्य शिविर व्यवस्थापन | ८ | २,००,०००/- | १२४ |
| ११. | सन्त बहादुर वि.क. खानेपानी व्यवस्थापन | ८ | १७,०००/- | ८७६ |
| १२. | माहेन्द्री मा.वि. पानी ट्याङ्की निर्माण | ९ | ३,००,०००/- | ८७६ |
| १३. | डिहीकुना टोल चोरी घटना न्यूनीकरण सि.सि. क्यामरा जडान | १० | १,००,०००/- | ८८१ |
| १४. | कोमलटारी टोल सडक बत्ती व्यवस्थापन | १० | १,५०,०००/- | ८८१ |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १५. | शान्तिनगर टोल सि.सि. क्यामेरा सडक बत्ती व्यवस्थापन | १० | १,५०,०००/- | ८८१ |
| १६. | माहेन्द्री कृषि समूह पाइप खरिद | १० | ६०,०००/- | ८७६ |
| १७. | गैह्रापाटन खानेपानी पाइप खरिद | १० | १०,०००/- | ८७६ |
| १८. | सम्झना दमै जुक्की मेशिन खरिद | १० | ४०,०००/- | ११५ |
| १९. | दुम्सीचौर लिफ्ट खानेपानी व्यवस्थापन | १० | २,२०,०००/- | ८७६ |
| २०. | रानीगाउँ टोल विकास सडक बत्ती व्यवस्थापन | ११ | ६०,०००/- | ८८१ |
| २१. | पोल्याङ टोल अन्तर्गत सडक बत्ती व्यवस्थापन | ११ | ३,००,०००/- | ८८१ |
| २२. | कोकलडाँडा तामाङ्ग समाज भवन निर्माण | ११ | ३,००,०००/- | ८७५ |
| २३. | पूर्णमाया सार्की, शौचालय निर्माण | ११ | २५,०००/- | ११५ |
| २४. | आँकघारी बाँधकुलो निर्माण | ११ | २,००,०००/- | ८७८ |
| २५. | लामिडाँडा चर्च प्लाष्टर मर्मत | १२ | ७०,०००/- | ८७५ |
| २६. | स्वास्थ्य घुम्ती भवन मर्मत | १३ | ४,००,०००/- | ९७८ |
| २७. | छाब्दी शहरी स्वास्थ्य भवन पूर्वाधार निर्माण | १३ | १,५०,०००/- | ९७८ |
| २८. | सामुदायिक रेडियो प्रशारक संघ कार्यक्रम सहयोग | | १,००,०००/- | ३६ |
| २९. | जिल्ला प्रहरी कार्यालय, गाडी मर्मत सहयोग | | २,००,०००/- | ३० |
| ३०. | तनहुँ नेत्रहिन संघ कार्यक्रम सहयोग | | १,८०,०००/- | १०१ |
| ३१. | सहृदयी मञ्च तनहुँ कार्यक्रम सहयोग | | १,८०,०००/- | १०१ |
| ३२. | अपाङ्गता महिला कार्यक्रम सहयोग | | १,८०,०००/- | १०१ |
| ३३. | रिसेड तनहुँ कार्यक्रम सहयोग | | २,००,०००/- | १०१ |
| ३४. | हैरान्स क्लव, खेलकुन कार्यक्रममा सहभागिता सहयोग | | १,००,०००/- | ११७ |

***